**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


**बबई राजपत्र**

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः १० बबई, दाङ संख्याः ४ मितिः २०८३/०६/१५

**भाग-२**

**बबई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, हापुरे, दाङ


# बबई गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ पहिलो संशोधन, २०८३

# परिच्छेद—१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बबई गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ पहिलो संशोधन, २०८३"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

# परिच्छेद—२

## उपभोक्ता समितिको गठन र सञ्चालन

**४. उपभोक्ता समिति गठन तथा दर्ता सम्बन्धी व्यवस्थाः** *(दफा ४ को उपदफा (१) मा देहाय बमोजिमको खण्ड (ट) थप गरिएको छ):*

**(ट)** परिच्छेद २ दफा ४ (क) बमोजिम गठन भएको उपभोक्ता समिति गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता

गर्नुपर्नेछ। कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिसँगको आयोजना सम्झौता अभिलेख अनुसूची-१, उपभोक्ता समिति दर्ता अभिलेख अनुसूची-१ (क) र दर्ता प्रमाणपत्र अनुसूची-१ (ख) बमोजिमको हुनेछ।

## परिच्छेद—४
## विविध

*(दफा १७ पछि देहाय बमोजिमको दफा १८ थप गरिएको छ):*

**१८. आयोजना हस्तान्तरणः**

आयोजना निर्माण सम्पन्न भए पश्चात् सम्बन्धित उपभोक्ता समितिलाई आयोजना अनुसूची ७ बमोजिम आयोजना हस्तान्तरण गरिनेछ। आयोजनाको सञ्चालन, संरक्षण, मर्मत सम्भार तथा आवश्यक व्यवस्थापन सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ।

# अनुसूची १ क

## (कार्यविधिको दफा ४ (१) ट संग सम्बन्धित)

## उपभोक्ता समिति दर्ता अभिलेख

आ.व.

| दर्ता नं | आयोजनाले समेटने क्षेत्र (पालिका, वडा, वस्ती) | उपभोक्ता समिति | | आयोजना को नाम | उपभोक्ता समितिका पदाधिकारी | | | | | | खाताको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | गठन मिति | | पद | नाम | ठेगाना | ना.प्र.नं जारी मिति र जिल्ला | राष्ट्रिय परिचय पत्र नम्वर | सम्पर्क नं | खाता को नाम | खाता नम्वर र वैक | |
| | | | | | | | | | | | | | |

# अनुसूची १ ख

## (कार्यविधिको दफा ४ (१) ट संग सम्बन्धित)

## उपभोक्ता समिति दर्ता प्रमाणपत्र

मिति.............

दर्ता नम्वर ........./(आर्थिक वर्ष)

श्री............... उपभोक्ता समिति।

बबई गाउँपालिकाको....... नं वडा अन्तर्गत ... टोलमा विकास निर्माण कार्य गर्नका लागि मिति............मा सम्वन्धित उपभोक्ताको भेलावाट उपभोक्ता समिति गठन गर्ने निर्णय र बबई गाउँपालिका..........नं वडा कार्यालयको मिति.........चं नं ...........सिफारिस पत्रानुसार समिति दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा बबई गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७४ को दफा .... वमोजिम उपभोक्ता समिति दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

दर्ता प्रमाणपत्र मान्य रहने अवधि...............(आर्थिक वर्षको अन्तिम महिना उल्लेख गर्ने)

# अनुसूची ७

(कार्यविधिको दफा १८ संग सम्वन्धित)

## आयोजना हस्तान्तरण फाराम

**श्री** ......................................................

महोदय,

यस कार्यालयद्वारा सञ्चालित .................................... आयोजना मिति ................... मा सम्झौता तथा स्वीकृत मापदण्ड अनुसार सम्पन्न भएको जानकारी गराइन्छ।

उक्त आयोजना आवश्यक प्राविधिक परीक्षण, अनुगमन तथा मूल्याङ्कन सम्पन्न भई सञ्चालन योग्य रहेको प्रमाणित भएकाले आजको मितिदेखि उक्त आयोजनामा मौज्दात रहेको सामग्री सहित तपाईंको कार्यालय/समिति/संस्थालाई सञ्चालन, संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन गर्ने गरी विधिवत् हस्तान्तरण गरिएको छ।

अबदेखि उक्त आयोजनाको नियमित सञ्चालन, संरक्षण, मर्मतसम्भार तथा आवश्यक व्यवस्थापन लगायत सम्पूर्ण जिम्मेवारी हस्तान्तरण ग्रहण गर्ने पक्षको हुनेछ।

यस आयोजनाको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने सबै पक्षप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

| **हस्तान्तरण गर्ने पक्ष** | **हस्तान्तरण ग्रहण गर्ने पक्ष** |
|---|---|
| **नामः** ………………… | **नामः** ………………… |
| **पदः** ………………… | **पदः** ………………… |
| **हस्ताक्षरः** ………………… | **हस्ताक्षरः** ………………… |

**रोहवरः**

१. श्री ………………………………

२. श्री ………………………………

प्रमाणीकरण मितिः २०८३।०६।१४

आज्ञाले,

जोखिम वली

प्रमुख प्रशासकीय अधिकृत